बैठक संख्या:५

श्री:

आज मिति २०७६ साल मार्ग २९ गतेको विहान ९:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव प्रा. |
| | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३१ | | श्री मदन सिंह | इन्जिनियर |

प्रस्तावहरु :-

(१) प्रदेश विशेष अनुदान तर्फको योजना छनौट सम्बन्धमा

२) बर्दघाट नगरपालिकाको टोल विकास संस्था गठन र परिचालन कार्यविधि, २०७६

३) बर्दघाट नगरपालिकाको सहकारी एकिकरण सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा

४) विद्युतिकरण तर्फको योजना माग सम्बन्धमा

५) सडक वत्ति तर्फको योजना माग सम्बन्धमा

६) लागत सहभागिता तर्फको योजना माग सम्बन्धमा

७) सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका सँसोधन सम्बन्धमा

८) एम्बुलेन्स सञ्चालन निर्देशिका सँसोधन सम्बन्धमा

९) जिल्ला समन्वय समितिामा योजना प्रस्ताव गर्ने सम्बन्धमा

१०) नदिजन्य पदार्थको व्यवस्थापन सम्बन्धी अनुगमन समिति गठन सम्बन्धमा

११) नगर दर रेट सम्बन्धमा

१२) शितलहर पूर्व तयारी सम्बन्धमा

१३) वार्षिक खरिद योजना सम्बन्धमा

१४) खरको छानो विस्थापित कार्यक्रमको रकम माग सम्बन्धमा

१५) योजना अनुमोदन सम्बन्धमा

१६) रकम विनियोजन सम्बन्धमा

१७) भवन मापदण्ड तर्जुमा सम्बन्धमा

१८) मुद्दाको प्रतिउत्तर सम्बन्धमा

१९) तह नया कक्षा थपको लागि अनुमति दिने सम्बन्धमा

२०) नगर प्रमुखको चिन भ्रमण सम्वन्धमा

२१) प्रमुख प्रशासकिय अधिकृतको स्वागत सम्बन्धमा

२२) पूर्ण सँस्थागत सूत्केरी वडा घोषडा सम्बन्धमा

२३) मिलापत्र खर्च सम्बन्धमा

२४) मोटरसाइकल दुर्घटनाको खर्च सम्बन्धमा

२५) एम्बुलेन्स दुर्घटना खर्च सम्बन्धमा

२६) मृत्यू सँस्कार खर्च सम्बन्धमा

नि.नं ६.१ : प्रस्ताव नं १ माथी छलफल गर्दा ५ नं प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा विषेष अनुदान तर्फको आयोजना प्रस्ताव गर्ने सम्बन्धमा तहाँ मन्त्रालयको च.नं ५९३, मिति ०७६/८/२४ को पत्रमार्फत जानकारी भएबमोजिम नगरपालिकालाई प्राप्त हुने बजेट रू ७०,००,०००/ मध्येबाट विषेश अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गरी तपसिल बमोजिमको योजना छनोट गरी यस सम्बन्धी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत अनुमान | कैफियत |
|---|---|---|---|
| | बेल्हानी खानेपानी आयोजना वडा नं १,५,६,७,१४ | ३५,००,००० | |
| | जदुवा नगरी खानेपानी वडा नं १२,१३,११ | ३५,००,००० | |

नि.नं ६.२: प्रस्ताव नं २ माथि छलफल गर्दा बर्दघाट नगरपालिकाको टोल विकास संस्था गठन र परिचालन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ६.३: प्रस्ताव नं ३ माथि छलफल गर्दा बर्दघाट नगरपालिकाको सहकारी एकिकरण सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ६.४: प्रस्ताव नं ४ माथि छलफल गर्दा बर्दघाट नगरपालिकाको पाँचौ नगरसभाबाट विद्युतिकरण शिर्षकमा रू १,५०,००,०००/ विनियोजन भएकोमा उक्त रकमबाट कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्ने भएकोले सम्भावित योजनाको विवरण सम्बन्धित वडा कार्यालयले सिफारिस गरी पौष १५ गते भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

नि.नं ६.५: प्रस्ताव नं ५ माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको पाँचौ नगरसभाबाट सडक वत्ति विस्तार शिर्षकमा रू १,५०,००,०००/ विनियोजन भएको सन्दर्भमा उक्त रकमबाट कार्यान्वयन गर्ने सन्दर्भमा कुन कुन स्थानमा सडक वत्ति जडान गर्ने भन्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरी पौष १५ गते भित्र सम्वन्धित वडा कार्यालयले सिफारिस गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

नि.नं ६.६: प्रस्ताव नं ६ माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको पाँचौ नगरसभाबाट लागत सहभागितामा सञ्चालन हुने योजना शिर्षकमा रू १,००,००,०००/ विनियोजन भएको सन्दर्भमा उक्त रकमबाट कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्ने भएकोले सम्भावित योजनाको विवरण पौष १५ गते भित्र सम्वन्धित वडा कार्यालयले सिफारिस गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

नि.नं ६.७: प्रस्ताव नं ७ माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका, २०७४ मा समसामयिक परिमार्जन गर्ने सन्दर्भमा सामाजिक विकास समितिको बैठकबाट सिफारिस प्राप्त भएबमोजिम निर्देशिकाको दफा ४ मा पोषण भत्ता प्राप्त गर्नको लागि आवश्यक शर्तहरू सम्बन्धी व्यवस्थाको उपदफा (घ) मा "सँस्थागत सुत्केरी गराएको कार्ड अनिवार्य पेश गर्नु पर्ने" प्रावधान थप गर्ने गर्ने निर्णय गरियो ।

नि.नं ६.८: प्रस्ताव नं ८ माथी छलफल गर्दा बर्दघाट नगरपालिकाको एम्वुलेन्स सञ्चालन निर्देशिका, २०७४ लाई समसामयिक परिमार्जन गर्ने सन्दर्भमा नगर स्तरिय एम्वुलेन्स सञ्चालन

२०७६।९।२३

समितिको वैठकबाट सिफारिस भएबमोजिम निर्देशिकाको दफा ८ मा "नगर भित्रका सँस्थागत सुत्केरी सँस्थामा सुत्केरी हुन जानेहरूको लागि नगर पालिका अन्तरगतका एम्बुलेन्सको सेवा निःशुल्क उपलब्ध गराउने"प्रावधान थप गर्ने निर्णय गरियो ।

नि.नं ६.८ः प्रस्ताव नं ८ माथी छलफल गर्दा जिल्ला समन्वय समिति नवलपरासी बाट यस नगरपालिकाको लागि प्राप्त हुने रकम रू ५०,००,००० को योजना पेश गर्ने सन्दर्भमा देहाय वमोजिमका योजना प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम र सञ्चालन स्थल | विनियोजित वजेट रु | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण, वडा नं १ | १५,००,००० | |
| २ | वडा कार्यालय भवन निर्माण, वडा नं ४ | २५,००,००० | |
| ३ | वडा कार्यालय भवन निर्माण, वडा नं २ | १०,००,००० | |

नि.नं ६.१० प्रस्ताव नं १० माथी छलफल गर्दा प्रदेश नं ५, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालयबाट जारी भएको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ अनुरूप स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले स्थानीय तहका प्रमुख/अध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गर्नेछ तथा अनुगमन समितिको संरचना र कार्यविवरण स्थानीय तहको कार्यपालिकाले तोकेबमोजिम हुनेछ भन्ने उल्लेख भएबमोजिम नगर भित्रका नदिजन्य पदार्थ उत्खनन्/सँकलनको कार्यमा आवश्यक नियमन तथा नियमित अनुगमन गर्न नगर प्रमुखको अध्यक्षतामा देहायवमोजिमका सदस्यहरू रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

नगर प्रमुख -सँयोजक

उप प्रमुख –सदस्य

प्रमुख प्रशासकिय अधिकृत – सदस्य

इन्जिनियर –सदस्य

योजना/प्रशासन शाखाको प्रमुख –सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष –सदस्य

इलाका प्रहरी कार्यालय बर्दघाटको प्रहरी निरिक्षक –पदेन सदस्य

नि.नं ६.११ प्रस्ताव नं ११ माथी छलफल गर्दा आ.व. ०७६/७७ को लागि जिल्ला प्रशासन कार्यालय नवलपरासी (बसुप) बाट निर्धारण भएको जिल्ला दर रेट लाई अनुमोदन गरी र हाल सम्मको सम्पूर्ण कारवाही उक्त दररेटको आधारमा अगाडी बढाइएको हुँदा उक्त विषय समेत अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं ६.१२ प्रस्ताव नं १२ माथी छलफल गर्दा यस वर्षको शितलहरलाई मध्यनजर गरी आवश्यक तयारी गर्ने तथा प्रभावितहरूलाई वितरण गर्न आवश्यक दाउराको लागि जिल्ला बन पैदावार आपूर्ति समितिलाई र न्यानो कपडा कम्मल लगायतका थप राहत सामाग्री उपलब्ध गराउनका लागि जिल्ला दैवि प्रकोप उद्दार समिति सँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

नि.नं ६.१३ प्रस्ताव नं १३ माथी छलफल गर्दा चालु आ.व.को वार्षिक योजना कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालयबाट तयार भएको तपसिलमा उल्लेख भएबमोजिमको वार्षिक खारिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

क) उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने योजनाहरूको सन्दर्भमा

| क्र.स. | योजना तथा कार्यक्रम | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | पौष मसान्त | |
| २ | योजनाको लगत स्टीमेट तयार | पौष मसान्त | |
| ३ | उपभोक्ता समिति अभिमूखिकरण | पौष २० सम्म | |
| ४ | उपभोक्ता समति सँग योजना सम्झौता | फाल्गुण मसान्त सम्म | |
| ५ | योजना कार्यान्वयन प्रक्रिया | जेष्ठ मसान्त | |
| ६ | अनुगमन मूल्याँकन | कामको चरणमा निरन्तर | |
| ७ | प्रविधिक मूल्याँकन | योजना सम्पन्न भएको १५ दिन भित्र नियमित | |
| ८ | योजना फरफारक | जेष्ठ मसान्त सम्म | |
| ९ | योजना कार्यक्रमको अन्तिम भुक्तानी | सम्पूर्ण कागजात प्राविधि मूल्याँकन/अनुगमन भएपछि ७ दिन भित्र | |

ख) ठेक्का प्रक्रिया मार्फत सञ्चालन हुने योजनाको सन्दर्भमा

| क्र.स. | योजना तथा कार्यक्रम | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | योजनाको लगत स्टीमेट तयार | पौष मसान्त | |
| २ | टेण्डर डकुमेन्ट तयार | पौष मसान्त | |
| ३ | ठेक्का सूचना प्रकाशन | माघ १५ सम्म | |
| ४ | ठेक्का सम्झौता | फल्गुण मसान्त सम्म | |
| ५ | योजना कार्यान्वयन प्रक्रिया शुरूवात | मार्ग देखी | |
| ६ | अनुगमन मूल्याँकन | कामको चरणमा नियमित | |
| ७ | प्रविधिक मूल्याँकन | योजना सम्पन्न भएको १५ दिन भित्र निरन्तर | |

| | | | |
|---|---|---|---|
| ८ | योजना फरफारक | जेष्ठ मसान्त भित्र | |
| ९ | योजना कार्यक्रमको अन्तिम भुक्तानी | सम्पूर्ण कागजात प्राविधि मूल्याँकन प्राप्त भएको ७ दिन भित्र | |

ग) आगामी वर्षको योजना तर्जुमा प्रक्रिया सम्बन्धमा

| क्र.स. | योजना तथा कार्यक्रम | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | राजश्व परामर्श समितिले आगामी आ.व.मा प्राप्त हुने राजश्वको प्रक्षेपण गरि कार्यपालिका समक्ष पेश गर्ने | पौष १५ भित्र | |
| २ | आगामी आय व्ययको विवरण सहितको तथ्याँक सँकलन गरी मन्त्रालयमा पठाउने | पौष मसान्त सम्म | |
| ३ | वित्तिय हस्तान्तरण र राजश्व बाँडफाडबापत प्राप्त हुने केन्द्रको सिलिङ्ग प्राप्त गर्ने | फाल्गुण मसान्त | |
| ४ | वित्तिय हस्तान्तरण र राजश्व बाँडफाडबापत प्राप्त हुने प्रदेशको सिलिङ्ग प्राप्त गर्ने | चैत्र मसान्त मसान्त | |
| ५ | आगामी वर्षको श्रोत अनुमान तयार गरी विषयगत शाखा र वडा कार्यालयलाई बजेट सिलिङ्ग प्रदान गर्ने | वैशाख १५ गते भित्र | |
| ६ | वडा कार्यालय र विषयगत शाखा बाट कार्यक्रम तजुमा गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | वैशाख मसान्त भित्र | |
| ७ | योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिमा छलफल गरी पारित गर्ने | जेष्ठ १० सम्म | |
| ८ | योजना तथा कार्यक्रमहरू बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल तथा पारित गरी कार्यपालिका समक्ष पेश गर्ने | आषाढ ५ गते सम्म | |
| ९ | कार्यपालिकाले आवश्यक छलफल गरी नगरसभा समक्ष पेश गर्ने | आषाढ १० गते | |

निर्णय नं ६.१४ः प्रस्ताव नं १४ माथी छलफल गर्दा खरको छानो विस्थापित कार्यक्रमको सन्दर्भमा चालु आ.व.मा खरको छानो विस्थापन गरी टिनको छानो लगाउने लाभग्राहीहरूलाई समपुरक अनुदान तर्फ विनियोजित रकमबाट रू २७,६०,००० निकाशा दिइसकिएको हुँदा प्रदेश सरकारबाट उक्त शिर्षकमा प्राप्त हुनुपर्ने रू २५,००,००० रकम माग गरी रकम प्राप्त भएपछि बाँकी रहेका घरधुरीहरूमा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो

निर्णय नं ६.१५ः प्रस्ताव नं १५ माथी छलफल गर्दा समपुरक कोष, मर्मत सम्हार कोष, विपद् व्यवस्थापन कोष लगायतका शिर्षकहरूमा चालु आ.ब.मा विनियोजित रकम मध्येबाट सम्बन्धित वडा कार्यालय तथा सरोकारवालाहरू सँघ सँस्थाको सिफारिस तथा निवेदन मागको आधारमा नगरप्रमुख स्तरिय निर्णयबाट रकम विनियोजन गरी केही योजना कार्यान्वयन प्रक्रिया अगाडि वढाईएकोमा उक्त विषय अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं ६.१६ प्रस्ताव नं १६ माथी छलफल गर्दा राजा महात्मा पूर्ण भद्र माध्यमिक विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत प्रदेश र स्थानीय तहको साझेदारीमा विद्यालयमा होष्टेल निर्माणको लागि योजना सम्झौता भएकोमा सम्झौता बमोजिमको स्थानीय तहले ब्यहोर्नुपर्ने रकम रू ६,००,००० समपुरक कोष तर्फ विनियोजित रकम मध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं ६.१७ः प्रस्ताव नं १७ माथी छलफल गर्दा हाल सम्म वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ (पहिलो सँसोधन सहित) को आधारमा नक्सा पासको प्रकृया अगाडी वढेकोमा स्थानीय स्तरको बाटो, कूलो, खोला समेतलाई समेटी तथा घर अभिलेखिकरणलाई समेत ब्यवस्थापन गर्ने गरी स्पष्ट स्थानीय मापदण्ड तर्जुमा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि.नं ६.१८ः प्रस्ताव नं १८ माथी छलफल गर्दा वादी बर्दघाट नगरपालिका वडा नं ४ वस्ने राधाकुमारी शर्मा तथा प्रतिवादी बर्दघाट नगरपालिका वडा नं ४ भएको निषेधाज्ञा मुद्दाको सम्बन्धमा प्रतिउत्तर पेश गर्ने लगायत अन्य काम गर्ने जिम्मेवारी वडा नं ४ का अध्यक्ष श्री रविन्द्र विक्रम हमाल र कानुनी सल्लाहकार श्री रमेश पौडेललाई दिने निर्णय गरियो ।

निर्णय नं ६.१९ : प्रस्ताव नं ६.१९ माथी छलफल गर्दा कक्षा थपका लागि अनुमति तथा शिक्षक अनुदान सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो ।

क. तह तथा कक्षा थपका लागि अनुमति दिने सम्बन्धमा ।
विद्यालयहरूले तह तथा कक्षा थपका लागि यस नगरपालिकामा निवेदन दिएका र नगर शिक्षा समितिको मिति २०७६।६।७ को निर्णयानुसार अनुमति प्रदान गर्न नपुग भएका विद्यालयको आवश्यक कागजातहरू माग गरी नगर कार्यपालिकाको बैठकमा निर्णय लागि पेश गर्ने भन्ने निर्णय भए अनुसार तपसिल बमोजिमका विद्यालयहरूलाइ तह तथा कक्षा थपका लागि अनुमति दिने
१. नव जागरण इङ्लिस वोर्डिङ स्कूल, जहदा अनुमतिमाग गरेको तहः नि.मा. (आधारभूत) कक्षा ६
२. मझौनी सनसाइन इङ्लिस वोर्डिङ स्कूलप्रा.लि, अनुमतिमाग गरेको कक्षा ४
३. मदरसा अरविया अहले सुन्नत नुरूल ओलुम बर्गदही, अनुमति माग गरेको कक्षा २

ख. नगरपालिकाबाट विनियोजित शिक्षक अनुदान सम्बन्धमा
नगरपालिकाले बार्षिक नगर विकास योजना २०७६।०७७ मा शिक्षक अनुदानको ब्यवस्था गरेको, नगर शिक्षा समितिको मिति २०७५।०९।२० को निर्णयानुसार शिक्षक अनुदानप्रदान गर्नका लागि विद्यालयलाइ छनोट गरेको, त्यसमध्ये मंगलादेवी प्राथमिक विद्यालय, पोखरीछापमा उक्त अनुदानमा शिक्षक नियुक्तिका लागि विज्ञापन गर्दा कुनै पनि उम्मेदवारबाट दरखास्त नपरेकोले शिक्षक नियुक्तिमा समस्या आएको हुदा उक्त अनुदान रकमबाट तलव खानेगरी शिक्षण सहायक कर्मचारी नियुक्ति गर्न विद्यालयलाइ अनुमति दिने
नि.नं ६.२० : प्रस्ताव नं ६.२० माथी छलफल गर्दा नगर प्रमुख श्री धीरज शर्मा बस्यालको युनाइटेड नेशन साउथ साउथ कोअपरेशन अन्तरगत विश्व खाध्य कार्यक्रमको निमन्त्रणमा मिति ०७६/८/२ देखी ०७६/८/३ सम्म हुन गैरहेको चीन भ्रमण अनुमोदन गर्ने निर्णय गरियो ।
नि.नं ६.२१ प्रस्ताव नं २१ माथी छलफल गर्दा यस कार्यालयमा सरूवा भै आउनु भएका प्रमुख प्रशासकिय अधिकृत श्री मेघ नाथ पाध्यालाई हार्दिक स्वागत गर्ने निर्णय गरियो ।

नि.नं ६.२२: प्रस्ताव नं २२ माथी छलफल गर्दा वडा नं १४ लाई पूर्ण सँस्थागत सुत्केरी वडा घोषणा कार्यक्रम पुष १० गते तय गरिएकोले उक्त कार्यक्रमलाई सफल रूपमा सम्पन्न गर्ने निर्णय गरियो ।

नि.नं ६.२३ प्रस्ताव नं २३ माथी छलफल गर्दा न्यायीक समिति अन्तरगत मेलमिलाप केन्द्रहरूबाट स्थानीय स्तरका मुद्दाहरू मिलापत्र गराएवापत प्रति मुद्दा रू ५०० उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं ६.२४ प्रस्ताव नं २४ माथी छलफल गर्दा कार्यालयका कार्यालय सहयोगी लक्ष्मण पोखे्रलले कार्यालयको कामको सिलसिलामा मोटरसाइकल दुर्घटनामा परि मानिसलाई ठक्कर दिएको र उक्त घटनाको क्षतिपूर्ति स्वरूप विमा कम्पनीले उपलब्ध गराएकोमा नपुग रकम निजबाट व्यक्तिगत रूपमा खर्च भएको रकम रू ५०,००० निजलाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं ६.२५ प्रस्ताव नं २५ माथि छलफल गर्दा जहदा क्लष्टरलाई हस्तान्तरण गरी त्याहाँबाट सञ्चालित एम्बुलेन्स दुर्घटना भएकोमा सोको मर्मतको लागि विमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त भएकोमा खर्च बमोजिमको नपुग रकम रू ८७,००० उक्त क्लष्टरलाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं ६.२६: प्रस्ताव नं २६ माथी छलफल गर्दा मृत्यू सँस्कार खर्चको लागि विनियोजित रकम सम्बन्धित लाभग्राहीबाट माग भएको अवस्थामा तत्कालै वडा कार्यालय मार्फत उपलब्ध गराई आवश्यक कागजात तथा विल भर्पाइको आधारमा नगरपालिकाबाट सोध भर्ना माग गर्ने निर्णय गरियो ।